# फालेलुङ गाउँपालिकाको सुरक्षित आप्रवासन (वैदेशिक रोजगार व्यवस्थापन) सम्बन्धी कार्यविधी, २०७९

**फालेलुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**थकेपुङ, पाँचथर**
**१ नं. प्रदेश, नेपाल**

# फालेलुङ गाउँपालिकाको सुरक्षित आप्रवासन (वैदेशिक रोजगार व्यवस्थापन) सम्बन्धी कार्यविधी, २०७९

नेपालको संविधान २०७२ को अनुसूची ८ को (५,६ ७, १७) वमोजिम स्थानीय तहमा रहेको क्षेत्राधिकार र स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा गाउँपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत दफा ११ को उपदफा "थ" मा भएको व्यवस्था वमोजिम स्थानीय सरकारलाई प्राप्त जिम्मेवारी पुरा गर्न तथा स्थानीय सरकारहरुले आफ्नो क्षेत्रका वैदेशिक रोजगारीमा जान चाहने युवाहरुलाई आवश्यक सूचना तथा परामर्श सेवा दिन, वैदेशिक रोजगारबाट ठगी लगायतका समस्यामा परेका आप्रवासी कामदार तथा तिनका परिवारहरुको न्यायमा सहज पहुँच बढाउन, वैदेशिक रोजगारमा जानुपूर्व कामसँग सम्बन्धित सीप तालिममा पहुँच बढाउन, वैदेशिक रोजगारका कारण मनोसामाजिक समस्यामा रहेका आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन साथै रोजगारीका लागि पटक पटक वैदेशिक रोजगारीलाई नै दोहोर्याउनु पर्ने बाध्यता कम गर्न  आयमुलक गतिविधिहरुलाई प्रर्बद्धनका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी वैदेशिक रोजगारको क्षेत्र व्यवस्थापन गर्न र स्वदेशमा नै रोजगारीका अवसरहरु सिर्जना गरी युवा जनशक्तिलाई विदेश पलायन हुनबाट कमी ल्याउन वाञ्छनीय भएकोले संविधानको दफा २२६ को अधिनमा रही यस फालेलुङ गाउँपालिकाले सुरक्षित आप्रावसन (वैदेशिक रोजगार व्यवस्थापन) सम्बन्धी कार्यविधि २०७९ जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

क. यो कार्यविधिको नामः सुरक्षित आप्रवासन (वैदेशिक रोजगार व्यवस्थापन) कार्यविधि २०७९ रहने छ।

ख. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. परिभाषा र व्याख्या विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्छ।

ख. "कार्यविधि" भन्नाले सुरक्षित आप्रवासन (वैदेशिक रोजगार व्यवस्थापन) कार्यविधि २०७९ लाई सम्झनु पर्दछ।

ग. "शाखा" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी गाउँपालिकाको आर्थिकरसामाजिक शाखा अन्तरगत रहेको वैदेशिक रोजगार व्यवस्थापन शाखालाई सम्झनु पर्दछ।

घ. "आप्रवासी श्रोत केन्द्र" भन्नाले सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्श सेवाका साथै वैदेशिक रोजगार सम्बन्धि अन्य विशिष्टिकृत सेवा प्रदान गर्नका लागि अन्य पालिकाहरुसँगको सहकार्यमा फिदिम नगरपालिकाले जिल्ला प्रशासन कार्यालय हाताभित्र सञ्चालन गरेको आप्रवासी श्रोत केन्द्रलाई सम्झनु पर्नेछ। वा दिक्तेल रुपाकोट मझुवागढी गाउँपालिकाले पालिकाको आफ्नो गाउँपालिकाको समाजिक र आर्थिक र रोजगार शाखामा सुरक्षित आप्रवासन परामर्श कक्ष स्थापना गरी संचालनमा रहेको कक्षलाई सम्झनु पर्नेछ।

ङ. “केन्द्र” भन्नाले काठमाडौमा रहेर विशेष सेवा सञ्चालन गर्ने विभिन्न राष्ट्रिय स्तरका साझेदार संस्थाहरु र वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवद्र्धन बोर्ड तथा अन्य सरकारी निकायहरुलाई सम्झनु पर्दछ।

च. “आप्रवासी हकहित संरक्षण केन्द्र” भन्नाले वैदेशिक रोजगारबाट फर्किएर आप्रवासी कामदार तथा तिनका परिवारहरुको हकहित संरक्षणका लागि जिल्ला प्रशासन कार्यालयमा विधिवत रुपमा दर्ता भई क्रियाशील रहेको संस्थालाई सम्झनु पर्ने छ।

छ. “वोर्ड्र” भन्नाले वैदेशिक रोजगार बोर्डलाई सम्झनु पर्ने छ।

ज. “बिभाग” भन्नाले वैदेशिक रोजगार बिभागलाई सम्झनु पर्ने छ।

३. कार्यविधिको उद्धेश्यः फालेलुङ गाउँपालिकाबाट वैदेशिक रोजगारमा जान चाहने युवाहरुको वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र लाभदायक बनाउनका लागि सहयोग पुर्याउन, वैदेशिक रोजगारमा संलग्न व्यक्तिका परिवार तथा वैदेशिक रोजगारबाट र्फकेर आएका व्यक्तिहरुहरुलाई लक्षित गरी सम्बन्धित कार्यक्रमहरु तर्जुमा गरी संचालन गर्न यो कार्यविधी तयार गरिएको छ। त्यस्ता कार्यक्रमहरु तर्जुमा तथा संचालन गर्दा फालेलुङ गाउँपालिका स्वंयम्ले वा अन्य स्थानीय तहहरु, प्रदेश सरकार, संघीय सरकार तथा सम्बन्धित साझेदार संस्था÷नियोगहरुसँको सहकार्य तथा साझेदारीमा कार्यक्रम संचालन गर्न सक्नेछ। वैदेशिक रोजगारसँग सम्बन्धित कार्यक्रमहरु तर्जुमा गरी आवशयक बजेट व्यवस्थापन गरी सुशासन, पारदर्शी र जवाफदेही ढंगबाट कार्यक्रम सञ्चालन गर्नु यस कार्यविधिको प्रमुख उद्देश्य रहेको छ भने यसका अन्य उद्देश्यहरु देहाय वमोजिम रहेका छन्।

क. सुरक्षित वैदेशिक रोजगारसँग सम्बन्धित गतिविधिहरु (वैदेशिक रोजगारमा जाने र गएका व्यक्ति तथा तिनका परिवार र विदेशबाट र्फकेर आएका व्यक्तिहरुलाई लक्षित गरी) लाई एकिकृत रुपमा योजना तर्जुमा गरी प्रभावकारी रुपमा संचालन गर्ने।

ख. सुरक्षित वैदेशिक रोजगारीका लागि गाउँपालिका स्वंयमले वा वा अन्य स्थानीय तहहरु, प्रदेश सरकार, संघीय सरकार तथा सम्बन्धित साझेदार संस्था, नियोगहरुसँको साझेदारीमा योजना तर्जुमा र बजेट व्यवस्थापन गरी कार्यक्रम संचालन गर्ने।

ग. वैदेशिक रोजगारमा जाने व्यक्ति, तिनका परिवार तथा विदेशबाट र्फकेर आएका व्यक्तिहरुलाई लक्षित गरी दिक्तेल रुपाकोट मझुवागढी गाउँपालिकाको अन्य पालिकाहरुसँगको समन्वयमा जिल्ला प्रशासन कार्यालयको परिसरमा आप्रवासी श्रोत केन्द्र स्थापना तथा संचालन गरी आवश्यक सूचना तथा परामर्श सेवा संचालन गर्ने। वा गाउँपालिकाको समाजिकरआर्थिकररोजगार शाखा अन्तरगत सुरक्षित आप्रवासन कक्ष स्थापना गरी सो सेवा प्रदान गर्नेछ।

घ. साझेदारीताका क्षेत्रहरुको पहिचान गरी योजना निमार्ण गर्ने र सो कार्यान्वयनको लागि आवश्यक बजेट व्यवस्थापन गर्ने ।

ङ. जिल्ला स्थित अन्य पालिकाहरु, श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार वोर्ड, सीप तालिम प्रदान गर्ने निकायहरु, मनोसामाजिक परामर्श सेवा तथा वित्तीय साक्षरताको क्षेत्रमा विज्ञता भएका संस्थाहरु वीच समन्वय तथा सहकार्यलाई बढावा दिने ।

च. वैदेशिक रोजगारसँग सम्बन्धित संचालन भएका कार्यक्रम तथा गतिविधीहरुका प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्ने ।

४. वैदेशिक रोजगारको क्षेत्र वहुसरोकारको विषय भएकोले यस क्षेत्रको व्यवस्थापनमा सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुको भूमिका तथा संलग्नता महत्वपूर्ण हुनेछ । यस क्षेत्रको योजना तर्जुमा, संचालन, व्यवस्थापन, अनुगमन तथा समीक्षामा सम्बन्धित सबैको अर्थपूर्ण सहभागितामा जोड दिईने छ । यस पालिका भित्रका विषयगत शाखाहरु मार्फत योजनाहरु बनाउदा वैदेशिक रोजगारमा गएका व्यक्ति, तिनका परिवार तथा फर्किएर आएका व्यक्तिहरुसँग सम्बन्धित सवालहरुलाई प्राथमिकता दिई योजनामा समावेश गरिने छ ।

५. यस क्षेत्रको प्रभावकारी व्यवस्थापन, न्यून लागत, श्रोत साधनको अधिकतम् उपयोग र प्रभावकारी सेवा प्रवाहको लागि स्थानीय सरकार संचालन ऐनको दफा २६ को मर्म अनुसार आप्रवासी श्रोत केन्द्र सञ्चालन, जनशक्तिको व्यवस्थापन तथा क्षमता विकास, अनुगमन जस्ता कार्यहरुमा अन्य पालिकाहरुसँग पनि सहकार्य गर्न सकिने छ । त्यसको साथै प्रदेश सरकार, संघीय सरकार अन्तरगतका सम्बन्धित मन्त्रालय, विभाग, वोर्ड तथा सम्बन्धित साझेदार संस्था नियोगहरुसँग पनि समन्वय तथा सहकार्यमा जोड दिईने छ ।

६. अन्य स्थानीय तहहरुसँगको समन्वयमा जिल्ला प्रशासन कार्यालय परिसर भित्र  सुरक्षित वैदेशिक रोजगारका लागि आप्रवासी श्रोत केन्द्र (सूचना केन्द्र) को स्थापना तथा संचालन गरिने छ । वा यस पालिका स्वयंले समाजिकरआर्थिकररोजगार शाखामा सुरक्षित आप्रवासन परामर्श कक्ष स्थापना गरी सो सम्बन्धी सेवा प्रवाह गरिने छ । उक्त केन्द्र मार्फत विदेश जाने व्यक्ति, तिनका परिवार र विदेशबाट फर्केर आएका व्यक्तिहरुका लागि सुरक्षित वैदेशिक रोजगार सम्वन्धी निःशुल्क सूचना तथा परामर्श लगायतका सम्बन्धित सेवाहरु प्रबाह गरिने छ । यसको लागि जिल्ला प्रशासन कार्यालयसँग समन्वय, समग्र सञ्चालन तथा व्यवस्थापन दिक्तेल रुपाकोट मझुवागढी गाउँपालिकाले गर्नेछ ।

७. आप्रवासी श्रोत केन्द्रमा अन्य स्थानीय तहका सेवाग्राहीहरुले पनि सुरक्षित वैदेशिक रोजगार सम्वन्धी निःशुल्क सूचना तथा परामर्श सेवा लिन सक्ने हुनाले यस केन्द्रको संचालन तथा व्यवस्थापनमा अन्य स्थानीय तहहरुसँग पनि बजेट व्यवस्थापन, योजना तर्जुमा, कार्यान्वया, गुणस्तरीयता कायम र अनुगमन लगायतको क्षेत्रमा सहकार्य गर्न सक्नेछ ।

७. सम्बन्धित विषयगत शाखा निर्धारणः स्थानीय शासन श्रोत पूस्तिका, २०७४ (८.५.८ बिषय क्षेत्रगत योजना निर्माण तथा एकिकरण) अनुसार वैदेशिक रोजगारको क्षेत्रलाई आर्थिक विकास शाखा अन्तरगत राखिने छ । यदि यस गाउँपालिकाले आवश्यक ठानेमा कार्यपालिका वा गाउँसभाको निर्णय अनुसार समाजिक विकास शाखा अन्तरगत राखेर कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न पनि सक्ने छ । उक्त शाखाले अन्य शाखाहरुसँग समन्वय गरि कार्यक्रम तर्जुमा, बजेट विनियोजन, कार्यक्रम कार्यन्वयन, अनुगमन र समीक्षा लगायतको कार्यहरु गर्नेछ ।

८. पालिका स्तरीय वैदेशिक रोजगार व्यवस्थापन समितिस्  वैदेशिक रोजगारसँग सम्बन्धित प्रभावकारी योजना निर्माण, व्यवस्थापन, सञ्चालन तथा अनुगमन गर्न र सम्बन्धित सरोकारवालहरुसँग समन्वय गर्न देहाय बमोजिमको पालिका स्तरीय वैदेशिक रोजगार व्यवस्थापन समितिको व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| अध्यक्षः | अध्यक्ष |
| उपाध्यक्ष: | उपाध्यक्ष |
| सदस्य: | प्रमुख प्रशासकीय अधिकृत, |
| सदस्य: | आर्थिक विकास शाखा प्रमुख, |
| सदस्य: | सामाजिक विकास शाखा प्रमुख, |
| सदस्य: | रोजगार संयोजक (प्रधानमन्त्री रोजगार कार्यक्रम), |
| सदस्य सचिव: | वैदेशिक रोजगार व्यवस्थापन सम्बन्धी कार्यक्रमको शाखा प्रमुख, |
| आमन्त्रण: | जिल्ला प्रशासन कार्यालय प्रतिनिधि, |
| | जिल्ला प्रहरी कार्यालय प्रतिनिधि, |
| | आप्रवासी कामदार हकहित संरक्षण केन्द्र (सञ्जाल) को प्रतिनिधि, |

गाउँपालिका स्तरीय वैदेशिक रोजगार व्यवस्थापन समितिले आवश्यक ठानेका अन्य व्यक्ति तथा पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिने छ ।

९. पालिका स्तरीय वैदेशिक रोजगार व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः

(क) वैदेशिक रोजगारसँग सम्बन्धित (विदेश जाने व्यक्ति, तिनका परिवार र फर्किएर आएका व्यक्तिहरुलाई लक्षित गरी) योजना तर्जुमा, बजेट व्यवस्थापन र कार्यान्वयवनका लागि आवश्यक कार्य गर्ने,

(ख) अन्य स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार अन्तरगतका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक  रोजगार विभाग, वैदेशिक रोजगार वोर्ड, सम्बन्धित साझेदार संस्था, विकास नियोग, तालिम प्रदायक संस्था तथा सरोकारवालाहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने,

(ग) आप्रवासी श्रोत केन्द्रको व्यवस्थापन तथा संचालनका लागि आवश्यक कार्य गर्ने । वा समाजिकरआर्थिकररोजगार शाखा अन्तरगत सुरक्षित आप्रवासन कक्ष स्थापना तथा संचालन गर्ने ।

(घ) सूचना तथा परामर्श सेवा प्रवाह, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा, सीप तालिम तथा समुदाय तहमा सचेतनामुलक गतिविधीहरु संचालन गर्न आवश्यक मोड्यूल तयारीको लागि आवश्यक कार्य गर्ने,

(ङ) आप्रवासी श्रोत केन्द्र तथा अन्य गतिविधिहरुको अनुगमन तथा समीक्षा गर्ने,

(च) अन्य विषयगत शाखा÷समितिहरुसँग वैदेशिक रोजगारसँग सम्बन्धित योजना निर्माण तथा कार्यान्वयनको लागि आवश्यक समन्वय तथा छलफल गर्ने,

(छ) आवधिक रुपमा बैठक बसी संचालित कार्यक्रमहरुको प्रगति समिक्षा गरी थप प्रभावकारीता अभिबृद्धिका लागि आवश्यक सल्लाह सुझाव तथा मार्गनिर्देश गर्ने,

(ज) वैदेशिक रोजगार व्यवस्थापनका लागि गाउँ कार्यपालिकाद्धारा प्रदत्त अन्य कार्यहरु गर्ने ।

७. वैदेशिक रोजगार व्यवस्थापनका लागि देहायका क्षेत्रहरुमा योजना तर्जुमा, बजेट व्यवस्थापन तथा कार्यान्वयन गरिनेछ ।

८. सुचना तथा परामर्श सेवा प्रवाहः

(क) आप्रवासी श्रोत केन्द्र संचालन ९ःचूऋ० ः दिक्तेल रुपाकोट मझुवागढी गाउँपालिकाले अन्य स्थानीय तहहरु र जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा जिल्ला प्रशासन कार्यालय हाता भित्र आप्रवासी श्रोत केन्द्र स्थापना गरी जिल्लाका सबै स्थानीय तहहरुबाट वैदेशिक रोजगारमा जानको लागि (एम.आर.पी.) राहदानी बनाउन आउने सेवाग्राहीहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्श सेवा प्रदान गर्नेछ । वा दिक्तेल रुपाकोट मझुवागढी गाउँपालिकाले आफ्नो पालिकाको समाजिकरआर्थिकररोजगार शाखा अन्तरगत आप्रवासन परामर्श कक्ष स्थापना गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श लगायतका कार्यहरु संचानल गर्नेछ । साथै वैदेशिक रोजगारको शिलशीलामा नेपाल भित्र वा गन्तव्य मुलुकमा समस्यामा परेका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई सहज न्याय, क्षतिपूर्ति, राहत र उद्दारका लागि सम्बन्धित निकायहरुसँग सम्पर्क र समन्वयका लागि आवश्यक सहजिकरण गर्नेछ । आप्रवासी श्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मोड्युल गाउँपालिकाले आवश्यकता अनुसार तयार गरि कार्यान्वयन गर्ने छ ।

(ख) रिटर्नी स्वयंसेवक परिचालनः गाउँ क्षेत्रका दुरदराजका गाउँटोल तथा वस्ती स्तरमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी प्रचार प्रसार गरि सूचना सम्प्रेषण गर्न, वैदेशिक रोजगार सम्बन्धि समस्याहरु पहिचान गरि थप विशिष्टिकृत सहयोगका लागि आप्रवासी श्रोत केन्द्रमा सिफारिस गरी पठाउन, विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धि अभिमुखिकरण गर्न र

वैदेशिक रोजगार सम्बन्धी तथ्यांक संकलन तथा व्यवस्थापनमा सहयोग गर्नका लागि वैदेशिक रोजगारमा कम्तीमा २ वर्ष काम गरि फर्केका महिला तथा पुरुषहरुलाई वडाहरुमा आंशिक वा पूर्णकालिन पेड रिटर्नी स्वयंसेवकको रुपमा परिचालन गरिनेछ । वैदेशिक रोजगारमा गई फर्केका व्यक्तिहरुसँग सम्बन्धित देशको नियम कानुन, धर्म सँस्कृति, संस्कार, हावा पानी र कामसँग सम्बन्धित व्यवहारिक ज्ञान तथा अनुभव हुने भएकोले सम्भावित आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई सही सूचना सम्प्रेषण गरि यस गाउँको वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनमा ठूलो योगदान पुग्ने छ ।

(ग) सीप तालिम प्रदान तथा सहजिकरणः वैदेशिक रोजगारमा जान चाहने सम्भावित आप्रवासी कामदारहरको पहिचान गरि वैदेशिक रोजगारमा रहँदा गर्नुपर्ने कामसँग सम्बन्धित सीप तालिम लिनका लागि नेपाल सरकार (सि.टि.इ.भि.टी.) द्धारा मान्यता प्राप्त तालिम प्रदायक संस्थाहरुसँगको समन्वय र सहकार्यमा निःशुल्क सीप तालिम सञ्चालन तथा व्यवस्थापन गरिने छ । तालिम सञ्चालन सम्बन्धी मोड्युल आवश्यकता अनुसार नेपाल सरकार (सि.टि.इ.भि.टी.) र  तालिम प्रदायक संस्थाहरुसँगको समन्वय र सहकार्यमा तयार गरी लागु गर्न सकिने छ ।

(घ) वित्तीय सक्षरता सम्बन्धी कार्यक्रमः वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण रकमको उचित व्यवस्थापन गरि स्वरोजगारका अवसरहरु सिर्जना गर्न र चक्रिय रुपमा वैदेशिक रोजगारमा गई रहनुपर्ने वाध्यताको अन्त्यका लागि वैदेशिक रोजगारमा रहेका व्यक्तिका परिवारका सदस्यको समुह गठन गरि वित्तीय साक्षरता कक्षा सञ्चालन गरिने छ । वित्तीय साक्षरता कक्षाका सहभागिहरुले कक्षामा बचत गर्ने बानीको विकास, फजुल खर्चको नियन्त्रण, पारिवारीक बजेट तथा योजना तर्जुमा, व्यसायिक क्षेत्रको पहिचान र छनौट, व्यवसायिक योजना निर्माण र वित्तीय अनुशासनका क्षेत्रमा विस्तृत अध्ययन गरी आयमुलक गतिविधिहरुमा संलग्न हुनेछन् । वित्तीय साक्षरता कक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मोड्युल गाउँपालिकाले तयार गरि लागु गर्न सक्ने छ ।

(ङ) विदेशबाट फर्केर आएका व्यक्तिहरुलाई उद्यम विकास कार्यक्रमः वैदेशिक रोजगारमा गई फर्केर आएका आप्रवासी कामदारहरुका लागि उद्यम विकास सम्बन्धि योजना तथा बजेट तुर्जुमा गरि कार्यान्वयन गरिनेछ । विदेशबाट फर्केर आएका कामदारहरुको सीप परीक्षणका साथै थप सीप विकास गरि सीपमा आधारित उद्यम विकासका योजना तर्जुमा गरि कार्यान्वयन गर्नेछ । योजना कार्यान्वयनमा आवश्यक सीप परीक्षण तथा थप सीप विकासका लागि नेपाल सरकारका (सि.टि.इ.भि.टी.) सम्बन्धित निकायहरु र अन्य विकास साझेदारहरुसँगको समन्वय र साझेदारितामा गाउँपालिकाले वैदेशिक रोजगारबाट फर्केर आउनेहरुका लागि सीपमा आधारित उद्यम विकास तथा रोजगारका कार्यक्रमहरु सञ्चालन गरिने छ । यस सम्बन्धि कार्यक्रम कार्यान्वयन निर्देशिका आवश्यकता अनुसार गाउँपालिकाले तयार गरि कार्यान्वयन गर्न सक्नेछ ।

(च) मनोसामाजिक परामर्श सेवाः वैदेशिक रोजगारमा गएका व्यक्ति तथा तिनका परिवारहरुलाई वैदेशिक रोजगारका कारण उत्पन्न मनोसामाजिक समस्यालाई सम्बोधन गर्नका लागि मनोसामाजिक

परामर्श सेवा सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । मनोसामाजिक परामर्श सेवा सञ्चालनका लागि मनोसामाजिक परामर्श सेवा सम्बन्धि विशेषज्ञ निकायहरुसँगको समन्वय र सहकार्यमा कार्यक्रमको योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ । सो सेवा संचालनका लागि आवश्यक मोड्युल सम्बन्धित विशेषज्ञहरुको सहयोगमा तयार गरी गाउँपालिकाले कार्यान्वयन गर्नेछ ।

(छ) अन्तरक्रिया तथा छलफलः वैदेशिक रोजगार बहुसरोकारको क्षेत्र भएको कारण गाउँपालिकाको एकल प्रयासले मात्र सम्भव नहुने भएकोले वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र उपलब्धीमूलक बनाउन सम्बन्धित सरोकारवालाहरुसँग नियमित छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिनेछ। समुदाय स्तर र जिल्ला स्तरमा आवश्यकता अनुसारका योजना तय गरी  गाउँपालिका र अन्य स्थानीय तह तथा अन्य सम्बन्धित सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(ज) समुदाय स्तरमा सचेतनामुलक कार्यक्रमः गाउँपालिकाले वैदेशिक रोजगारलाई सुरक्षित तथा व्यवस्थित गर्नका लागि समुदायस्तरमा गठन भई क्रियाशिल रहेका सामुदायिक समुहहरु पहिचान गरि समुहहरुको नियमित बैठकको समयमा रिटर्नी स्वयंसेवकहरुद्धारा सुरक्षित वैदेशिक रोजगार सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ । साथै वैदेशिक रोजगारमा जानका लागि प्रक्रियामा रहेका सम्भावित आप्रवासी कामदारहरुलाई वैदेशिक रोजगारको प्रक्रियामा हुन सक्ने सम्भावित जोखिम र सुरक्षाका उपायाहरुको वारेमा गहन अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ । समुदाय अभिमुखिकरण कार्यक्रम र गहन अभिमुखिकरण कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि गाउँपालिकाले छुट्टा छुट्टै कार्यसञ्चालन मोड्युल तयार गरी लागु गर्नेछ । यसको साथै सचेतनामुलक होर्डिङवोर्ड तथा सडक नाटक लगायतका गतिविधिहरु पनि संचालन गरिनेछ।

(झ)  वैदेशिक रोजगारका कारण अविभावक गुमाएका, बेपत्ता भएका र अंगभंग भएका ब्यक्तिहरुको सन्ततिलाई  छात्रावृत्ति सहयोगः यस गाउँपालिका क्षेत्रभित्रबाट वैदेशिक रोजगारमा गई मृत्यु, बेपत्ता तथा अंगभंग भएका व्यक्तिका बालबालिकाहरुलाई छात्रावृत्ति सहयोग प्रदान गरिने छ । बेपत्ताा भएका व्यक्तिको हकमा ५ वर्ष देखि बेपत्ता भएका व्यक्तिका बालबालिकाहरुलाई समेटिने छ । त्यस्तो छात्रावृति प्रदान गर्दा वैदेशिक रोजगार बोर्ड मार्फत प्रदान गर्ने छात्रावृत्ति सहयोगले नसमेटिएका बालबालिकाहरुको लागि मात्र व्यवस्था गरिने छ। छात्रावृत्ति सहयोगलाई दुई तहमा विभाजन गरी प्रदान गरिने छ। जस अनुसार आधारभूत तहका बालबालिकालाई वार्षिक ८ हजार र माध्यमिक तहका बालबालिकालाई बार्षिक १२ हजारका दरले छात्रावृत्ति प्रदान गरिने । यस्तो छात्रावृत्ति सरकारी, सामुदायिक तथा संस्थागत विधालयमा अध्ययनरत १८ बर्ष सम्मका विधार्थीहरुलाई प्रदान गरिने छ। जसको लागि विधार्थी अध्ययनरत विद्यालय र वडा कार्यालयले वैदेशिक रोजगारमा गई मृत्यु तथा अंगभंग भएको प्रमाण सहित गाउँमा सिफारिस गर्ने छ। प्राप्त

निवेदनहरुलाई  गाउँले आश्यक छानविन गरी छात्रावृत्ति प्रदान गरिने छ। निवेदनको आवश्यक ढाँचा तथा फारमहरुको नमुना तयार गरि कार्यान्वयन गरिने छ।

८. बजेट व्यवस्थापनः

संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान र गाउँपालिकाको अन्तरिक श्रोतबाट कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको सुनिश्चित गरिनेछ। यसको साथै अन्य स्थानीय तहहरु, साझेदार संस्था÷नियोग तथा दातृ निकाय, प्रदेश सरकार र संघीय सरकारसँगको बजेट साझेदारीतामा प्राप्त बजेटहरुलाई एकिकृत गरी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने।

९. आवश्यक जनशक्ति व्यवस्थापनः

अधिकृत -१ छैठौं  मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरि कम्तीमा ३ वर्ष सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा कार्य अनुभव भएको। समन्वय, सहजिकरण, योजना तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन तथा प्रतिवेदन सम्बन्धि अनुभव भएको। कर्मचारी भर्ना प्रकृयामा नेपाल सरकारको समावेशी नीतिलाई अख्तियार गरिने छ।

आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता - २ पाँचौ मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरि सुरक्षित वैदेशिक रोजगार आप्रवासी श्रोत केन्द्रमा कम्तीमा २ वर्ष परामर्श सम्बन्धि काम गरेको। अनलाईन डाटा ईन्ट्री र प्रतिवेदन सम्बन्धि ज्ञान, वहुपक्ष समन्वय र सहकार्य सम्बन्धी ज्ञान, वैदेशिक रोजगार ऐन, नियम तथा निर्देशिका र कानून सम्बन्धि ज्ञान भएको।

मनोसामाजिक परामर्शकर्ता - ३ पाँचौ मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धि २ वर्ष अनुभव भई सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता।

वित्तीय साक्षरता सहजकर्ता - ३ पाँचौ मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरि २ वर्ष वित्तीय साक्षरता कक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धि अनुभव भई सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता।

रिटर्नी स्वयंसेवकहरु - ७ श्रेणी विहीन कक्षा १० उत्तीर्ण गरि वैदेशिक रोजगारका लागि मलेशिया वा खाडिमुलुकमा गई कम्तीमा २ वर्ष काम गरि फर्किएको हुनुपर्ने छ। सामाजिक परिचालन र समन्वय तथा सहजीकरण सम्बन्धि ज्ञान भएको। वैदेशिक रोजगारको अनुभव बताउन सक्ने। कर्मचारी तथा स्वयंसेवक भर्ना तथा नियुक्त गर्दा फालेलुङ गाउँपालिकाको कर्मचारी भर्ना सम्बन्धी निर्देशिका तथा नेपाल सरकारको समावेशी मापदण्डलाई अनुशरण गरिने छ। हाल कार्यरत जनशक्तिहरुको क्षेत्रगत विज्ञताको आधारमा क्रमस आन्तरीकिकरण गरी वैदेशिक रोजगारको क्षेत्र व्यवस्थापनलाई दिगो रुपमा संस्थागत गरिने छ।

१०. समन्वय तथा सहकार्यः

वैदेशिक रोजगार व्यवस्थापनको क्षेत्र वहुसरोकारको विषय भएकोले अन्य स्थानीय तहहरु, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला शिक्षा समन्वय ईकाई, जिल्ला प्रहरी कार्यालय, आप्रवासी हकहित संरक्षण केन्द्र, गैसस, विषयगत विशेषज्ञ संस्थाहरु, नागरिक समाज साथै अन्य सम्बन्धित निकायहरुसँगको समन्वय तथा सहकार्यलाई जोड दिदै सेवा प्रवाहलाई प्रभाकारी वनाईने छ। यसको साथै प्रदेश सरकार, संघीय सरकार तथा सम्बन्धित मन्त्रालय, विभाग तथा वोर्डसँग सहकार्य गरिने छ। अन्य दातृ निकाय, विकास साझेदार संस्था तथा नियोगहरुसँग पनि समन्वय तथा सहकार्य गरिने छ।

११. संसोधनः यो कार्यविधीलाई समयअनुकुल आवश्यक्ता अनुसार संसोधन गर्दै कार्यान्वयन गरिने छ।

११. खारेजी र वचाउः यस कार्यविधि कार्यान्वयनमा कुनै वाधा उत्पन्न भएमा गाउँ प्रमुखकले तत्काल पालिका स्तरीय वैदेशिक रोजगार व्यवस्थापन समितिको बैठक राखी बाधा अडकाउ फुकाउन सक्नेछ। र यस कार्यविधिमा उल्लेख भएका कुराहरु नेपालको प्रचलित कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ।